आज मिति २०८० साल भाद्र २४ गते आइतबारका दिन यस गाउँपालिका अध्यक्ष श्री प्रकाश बिष्टज्यूको अध्यक्षतामा [illegible] उपस्थितिमा गाउँकार्यपालिकाको आ.व. २०८०/८१ को दोस्रो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश बिष्ट | |
| २ | गाउँ कार्यपालिका सदस्य | श्री कमलापति चौधरी | |
| ४ | गाउँ कार्यपालिका सदस्य | श्री गेमे खड्का | |
| ५ | गाउँ कार्यपालिका सदस्य | श्री पहलवान चौधरी | |
| ६ | गाउँ कार्यपालिका सदस्य | श्री उमेश अधिकारी | |
| ७ | गाउँ कार्यपालिका सदस्य | श्री विर बहादुर चौधरी | |
| ८ | गाउँ कार्यपालिका सदस्य | श्री देव प्रसाद चौधरी | |
| ९ | गाउँ कार्यपालिका सदस्य | श्री दिपक कुमार चौधरी | |
| १० | गाउँ कार्यपालिका सदस्य | श्री सिताराम चौधरी | |
| ११ | गाउँ कार्यपालिका सदस्य | श्री चन्द्र बहादुर गुरुङ | |
| १२ | गाउँ कार्यपालिका सदस्य | श्री रिम बहादुर सुनारी मगर | |
| १३ | गाउँ कार्यपालिका सदस्य | श्री पार्वती सुवेदी | |
| १४ | गाउँ कार्यपालिका सदस्य | श्री चम्फा भुसाल | |
| १५ | गाउँ कार्यपालिका सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १६ | गाउँ कार्यपालिका सदस्य | श्री गिता चौधरी | |
| १७ | गाउँ कार्यपालिका सदस्य | श्री सावित्री चौधरी | |
| १८ | गाउँ कार्यपालिका सदस्य | श्री संजिव परियार | |
| ३ | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | श्री नेब बहादुर वली | |

**आमन्त्रित:**

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत (प्रदेश पूर्वाधार विकास प्राधिकरण) | ई. छवी राज पोखेल | |
| २ | शाखा अधिकृत | विश्वास वि.क. | |
| ३ | अधिकृत | श्री विका[illegible]वाली | |
| ४ | सूचना प्रविधि अधिकृत | श्री बाल चन्द्र गुरुङ | |
| ५ | कृषि प्राविधिक सहायक | श्री सिमा भट्ट | |
| ६ | ईन्जिनियर (प्रदेश पूर्वाधार विकास प्राधिकरण) | श्री शंकर सुबेदी | |

प्रस्तावहरु

१- पूर्व निर्णयको समिक्षा सम्बन्धमा।
२- जग्गा वर्गिकरण तथा भूउपयोग सम्बन्धमा
३- निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा।
४- स्रोत सुनिश्चितता सम्बन्धमा।
५- तीज मिलन कार्यक्रम सम्बन्धमा।
६- विविध

**मिति २०८०।०५।२५ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

निर्णय नं.१- राप्ती गाउँपालिकाको यस अघिका कार्यपालिकाका बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो । कार्यान्वयनमा ढिलाई भएका निर्णयहरुका लागि सम्बन्धित शाखा , वडा कार्यालय र स्वास्थ्य संस्थाहरूलाई थप परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२- राप्ती गाउँपालिकाको जग्गा वर्गिकरण तथा भुउपयोग योजना २०८० स्विकृत गर्ने ।

निर्णय नं.३- राप्ती गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम मापदण्ड पुरा गरेका देहायका निर्माण सेवालाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने ।

**क- नायक विल्डर्स एण्ड सप्लायर्स , राप्ती गापा ४ दाङ**

व्यवसाय सञ्चालक – झकलाल राना मगर

**ख- एस.एस.आ.वि. निर्माण सेवा प्रालि ,राप्ती गापा २ दाङ**

व्यवसाय सञ्चालक – वसन्त नेपाली

**ग-चन्द्र विल्डर्स प्रालि, राप्ती गापा ३ दाङ**

व्यवसाय सञ्चालक – चन्द्र बहादुर केसी

निर्णय नं. ४ – राप्ती गाउँपालिकाको वडा नं. ३ को प्रशासकीय भवन तथा अतिथि गृह निर्माणका लागि भएको डि पि आर अनुसारको लागत अनुमान रु २, ७३, ६४ ,२५६.९३/- (मु अ कर र कन्टिन्जेन्सी सहित) आ व २०८०।८१ र २०८१।८२ का लागि स्रोत सुनिश्चितता गर्ने ।

निर्णय नं.५- राप्ती गाउँपालिकाको कराइ खेती कार्यक्रम संचालन कार्यविधि २०७९ को पहिलो ससोधन २०८० स्विकृत गर्ने ।

निर्णय नं.६- राप्ती गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९ को पहिलो ससोधन २०८० स्विकृत गर्ने ।

निर्णय नं.७- राप्ती गाउँपालिका कृषि उपज संकलन केन्द्र सहित कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन कार्यविधि २०७९ को पहिलो ससोधन २०८० स्विकृत गर्ने ।

निर्णय नं.८- वि.सं. २०८० को हरितालिका तिज तथा अट्वारी पर्वको अवसरमा२०८०।०५।२६ गते विहान ११:०० बजे राप्ती गाउँपलिकाको सभाहलमा लैगिंक हिंसा विरुद्धको सामाजिक अभियान विषयमा तीज गित तथा नृत्य प्रतियोगिता र दर खाने कार्यक्रम देहाय बमोजिम संचालन गर्ने ।

**कार्यक्रम संयोजन समिति -**

श्री पार्वती सुवेदी – संयोजक

श्री चम्पा भुसाल – सदस्य

श्री सावित्री चौधरी – सदस्य

श्री गिता चौधरी – सदस्य

श्री हिमा भट्ट – सदस्य

श्री जीवन कुमारी जिसी – सदस्य सचिव

**पुरस्कार –**

प्रथम पुरस्कार - रु १०००० र प्रमाणपत्र

द्वितीय पुरस्कार- रु ७५०० र प्रमाणपत्र

तृतीय पुरस्कार – रु ५००० र प्रमाणपत्र

सान्त्वना पुरस्कार – रु ३००० र प्रमाणपत्र

**निर्णय नं. ९ -** राप्ती गाउँपालिकाका ईन्जिनियर अशोक बेल्वासेलाई कार्यालय काममा बाधा नपर्ने गरी अतिरिक्त समयमा Online मार्फत संचालन हुने स्नातकोत्तर अध्ययनका लागि अनुमति प्रदान गर्ने ।

**निर्णय नं. १०** राप्ती गाउँपालिका अन्तरगत राप्ती नदिको नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी आईई भएका विभिन्न क्षेत्रक पुन परिमाण एकिन गर्ने सम्बन्धमा कासँको झाडी अत्याधिक भएको,माटो भरिएको र उक्त क्षेत्र तत्काल उत्खनन् नहुदाँ नदिको वहाव परिवर्तन भई जोखिम बढ्ने सम्भावना भएकोले प्रचलित मापदण्ड र कानुनको अधिनमा रही नदिजन्य पदार्थ घाटगद्धि गर्ने प्रयोजनका लागि टायर मात्र भएको डोजर /व्याक्होलोडर प्रयोग गर्ने विषय प्रतिवेदनमा समावेश गर्ने ।

**निर्णय नं.११-** कृषि उपज संकलन, बिक्रि तथा कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापनको लागि निम्न जनशक्ति आपूर्ति गर्ने निर्णय गरियो ।

१ – बजार व्यवस्थापक

आवश्यक योग्यता

- शैक्षिक योग्यता SEE वा सो सरह उतिर्ण गरेको ।
- कम्प्युटरको तिन महिने आधारभुत तालिम लिएको ।

**निर्णय नं.१२ –** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ दफा ६१ मा भएको व्यवस्था अनुसार चालु आ.व. २०८०।८१ मा राप्ती गाउँपालिका क्षेत्र भित्रबाट निकी हुने विभिन्न कवाडी सामान बस्तुहरुबाट गाउँपालिकाले तोकेको दररेटमा नजढ्ने गरी कर असुलीको व्यवस्था मिलाउनुपर्ने भएकोले यस कार्यालयको मिति २०८०।०४।१४ को निर्णय अनुसार २०८०।०४।०७ मा दिन दरभाउपत्र सूचना स्थानीय नयाँ युगवोध राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको र सो मा तोकिएकोमा तोकिएको म्यादभित्र कुनै पनि दरभाउपत्र पर्न नआएकोले उक्त तोकिएको न्यूनतम रकम रु ८०००००।- आठ लाख रुपैयामा सो ठेक्का जाने अवस्था नभएकोले ठेक्का नै नजादाँ गाउँपालिकाको राजश्व पुरै गुम्ने हुदाँ सभाबाट स्विकृत अनुमान रु ८०००००/- लाई बढि बस्ने गाउँसभाबाट अनुमोदन हुने गरी रु ६०००००/- कायम गरी ठेक्का प्रकृया अगाडी बढाउने ।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.१३ – भखरै स्थापना हुदै गरेको लुम्विनी प्रदेशको राजधानी राप्ती गाउँपलिका क्षेत्रमा जनसंखयाको चाप बढिरहेको, यस क्षेत्रका दुर्गमा बस्तिका नागरिकहरुको समेत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने प्रयास भईरहेको साथै यस गाउपालिकाको आफ्नै स्रोत साधनको अभावका कारण प्रयाप्त लगानी गर्न नसकिने अवस्था रहेकोले काठमाडौ महानगरपालिकासंग सहयोग स्वरुप एम्बुलेन्स उपलब्ध गराउन अनुरोध गर्ने।

तोब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत